वर्ष ७, अंक १
असोज २०७२, September 2015

# ICAN Newsletter

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

### अध्यक्षको मन्तव्य



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ तथा त्यसअन्तर्गत बनेको नियमको अधिनमा रही २०७२ जेष्ठ २८ गते सातौं परिषदको निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । मलाई संस्थाको १८ औं अध्यक्षको गरिमामय पदमा रहन पाउँदा खुसी लागेको छ । संस्थालाई यस अवस्थासम्म ल्याई पुऱ्याउनु हुने संस्थाका पूर्व अध्यक्षहरूप्रति म सम्मान गर्न चाहन्छु । मलाई अध्यक्षको गरिमामय पदमा निर्वाचित गराउनुहुने पार्षद् मित्रहरूलाई धन्यवाद दिन चाहन्छु । साथै मलाई परिषद सदस्यमा निर्वाचित गराउनु हुने सम्पूर्ण सिए.सदस्यहरूलाई समेत धन्यवाद दिन चाहन्छु ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालको लेखाव्यवसायलाई नियमन गर्ने र नेपालको लेखाव्यवसाय एवं यसको स्तरलाई विश्वस्तरीय बनाउने उद्देश्यका साथ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अनुसार स्थापना भएको एक स्वायत्त संस्था हो ।

यस संस्थाको Vision : Establish ICAN as a "Credible Professional Accounting Body" रहेको यहाँहरू सबैलाई अवगत नै छ । वर्तमान खुल्ला एवं प्रतिष्पर्धी अर्थतन्त्र र विश्व भूमण्डलीकरण अर्थ व्यवस्थामा नेपालको लेखाव्यवसायलाई विश्वस्तरीय बनाउंदै परिचित एवं स्वीकार्य बनाउनु, संस्था र संस्थाको नेतृत्वले जिम्मेवारी वहन गरी सोही अनुसारका कार्य सम्पादन गर्नु प्रमुख कर्तव्य हो । उपरोक्त Vision तथा जिम्मेवारीलाई पूरा गर्ने लक्ष्यका साथ संस्थाले विगत वर्ष आफ्नो तीन वर्षे रणनीति कार्ययोजना (सन् २०१४-१५ देखि सन् २०१७-१८) बनाएको थियो । उक्त रणनीतिक योजनाका कार्यहरूलाई निरन्तरता दिदै केही थप कार्ययोजनाहरूलाई अगाडि बढाईने छ । अध्यक्षको हैसियतमा पहिलो मन्तव्य प्रस्तुत गर्दै रणनीतिक योजनामा आधारित भई वि.सं. २०७२-७३ को कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

### संस्थाका शिक्षा, विद्यार्थी एवं शैक्षिक योजनाका सम्बन्धमा

चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई अझ बढी प्रभावकारी एवं व्यवस्थित बनाउन यथाशीघ्र प्राविधिक कर्मचारीहरूको नियुक्ति गरी पाठ्यसामग्रीहरू तथा अन्य शैक्षिक सामग्रीहरूलाई समयानुकूल संशोधन र परिमार्जन गरिनेछ । संस्थाको Crash Course नियमित सञ्चालन गर्न, पाठ्यसामग्री सरल रूपमा उपलब्ध गराउन, लागतको आधारमा अन्य प्राविधिक शिक्षा Engineering & Medical Science भैं यस शिक्षामा समेत अनुदानको लागि नेपाल सरकारसँग पहल गरिनेछ ।

ICAN को परीक्षा पद्दतीलाई IFAC Recognized बनाउन संस्थाले कुनै कसुर बाँकी राख्ने छैन । चार्टर्ड एकाउन्टेन्सी योग्यतालाई अझ बढी विश्वासिलो बनाउनको लागि परीक्षाका प्रश्नहरूलाई लेखापरीक्षण गर्ने कार्यलाई समेत समावेश गरी Examination's Questions Quality Framework तयार पारिने छ । Final Level (CAP-III) का केही विषयमा आवश्यक ठानिएका विज्ञहरू विदेशबाट समेत आमन्त्रण गरी चार्टर्ड एकाउन्टेन्सी परीक्षालाई बढी गुणस्तरीय बनाईनेछ । विद्यार्थीहरूलाई अनुशासित र मर्यादित ढंगबाट व्यावसायिककरण गर्ने तर्फ बढी प्रोत्साहित गरिनेछ । विद्यार्थीहरूलाई अझ बढी अनुशासित र मर्यादित बनाउन अन्तरक्रिया तथा परामर्शलाई बढावा दिईनेछ ।

केही विदेशी लेखाव्यवसायी संस्थाहरूसंग पारस्परिक मान्यता सम्झौता (MRA) को लागि आवश्यक पहल भईरहेको छ । सोही अनुरूप ICAEW र CPA Australia सँगको पारस्परिक अनुमतीको कार्य यस वर्षभित्र सम्पन्न हुनेछ भन्ने कुरामा म विश्वस्त छु । साथै यस संस्थासँग MRA नभएको विदेशी लेखाव्यवसायी संगठनलाई यस संस्थाले दिदै आएको एकतर्फी मान्यतालाई पुनर्विचार गर्नुपर्ने म ठान्दछु ।

जेहेन्दार, लगनशील एवं सक्षम विद्यार्थीहरूलाई चार्टर्ड एकाउन्टेन्सी अध्ययन एवं लेखाव्यवसायमा आकर्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ । यसका लागि विभिन्न ब्रोसर, पम्प्लेट, प्रश्नोत्तरमाला, श्रव्य-दृश्य सामग्री प्रदान गरी कम्तीमा २५ जिल्लामा विभिन्न प्रचारात्मक Career Counseling कार्यक्रमहरू गरिनेछन् । हाल नयाँ विद्यार्थी भर्ना दर वार्षिक १२०० को हाराहारीमा रहेकोमा यसलाई

### समसामयिक विषय र लेखाव्यवसायसम्बन्धी सम्मेलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०७२ श्रावण ६ गते काठमाडौंमा समसामयिक विषय र लेखाव्यवसायसम्बन्धी सम्मेलन (Contemporary Issues and Accounting Profession) सम्बन्धी सम्मेलनको आयोजना गऱ्यो । संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले कार्यक्रमको उद्देश्य बारेमा प्रकाश पार्दै कार्यक्रमको औपचारिक रुपमा शुभारम्भ गर्नुभएको थियो ।




संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराई कार्यक्रमको उद्देश्य बारेमा प्रकाश पार्नु हुंदै ।

तीन चरणमा विभाजन गरी सञ्चालन गरिएको उक्त सम्मेलनमा प्रस्तुत गरिएका विषय, अध्यक्षता, कार्यपत्र प्रस्तुतकर्ता र टिप्पणीकार यस प्रकार रहेका थिए ।

| कार्यक्रमको विषय | अध्यक्षता | कार्यपत्र प्रस्तुतकर्ता | टिप्पणीकार |
|---|---|---|---|
| Salient features of the New Code of Ethics and its social values | सिए. कौशलेन्द्र कुमार सिंह, पूर्व अध्यक्ष | सिए. मदनकृष्ण शर्मा | सिए. मधु विर पाण्डे, पूर्व अध्यक्ष |
| Overview of Nepal Auditing Standards based on ISA Clarity Project and recently pronounced by ICAN | सिए. सुनिरकुमार ढुङ्गेल, पूर्व अध्यक्ष | सिए. नन्दकिशोर शर्मा, पूर्व सभापति, नेपाल लेखापरीक्षणमान बोर्ड | सिए. महेशकुमार गुरागाई, पूर्व अध्यक्ष |
| Panel Discussion on the Impact of Earthquake on Nepalese Economy | पेनलका सहभागीहरू<br>१) सिए. अनलराज भट्टराई, बैंकिङ्ग तथा वितीय क्षेत्र<br>२) श्री. योगेन्द्र शाक्य, अध्यक्ष, एस होटल एण्ड रिर्सोट<br>३) सिए. आशिष गर्ग, हाउजिङ्ग एण्ड रियल स्टेट क्षेत्र<br>४) श्री. नवराज भण्डारी, सचिव, अर्थमन्त्रालय, Policy Reforms Initiatives for Resource Mobilization, Operation and Management of Reconstruction and Re-habitation<br>पेनल छलफलको मध्यस्थता अध्यक्ष सिए. नरेन्द्र भट्टराईले गर्नु भएको थियो । | | |

संस्थाले सदस्यहरूको क्षमता विकास कार्यक्रम स्वरूप यस प्रकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरू नियमित क्रियाकलापको रूपमा सञ्चालन गर्दै आईरहेको छ ।

हरेक वर्ष २५ प्रतिशतका दरले बृद्धि गर्ने लक्ष्य रहेकोछ ।

हालको Computer Training लाई व्यावहारिक बनाई अध्ययन अवधिमा Information System Audit लाई समावेश गरिनेछ । साथै कम्प्युटर तालिम लिनुपर्ने तह, समय तथा समयावधीलाई केही समसामायिक परिमार्जन गरिनेछ ।

चार्टर्ड एकाउन्टेन्सी अध्ययनलाई गरिव तथा जेहेन्दार विद्यार्थीको पहुंच सम्म पुऱ्याउनको लागि छात्रबृत्तिको आकार बढाईनेछ । हाले २०७२ बैशाख १२ तथा २८ गते गएको विनाशकारी महाभूकम्पबाट प्रभावित क्षेत्रका विद्यार्थीहरूलाई संस्थाले लिने शुल्कमा केही छुट दिने व्यवस्था मिलाईनेछ ।

आफ्नै भवनमा संस्था स्थानान्तरण भईसकेको हुनाले Online Library, IT Training र Online Test लाई व्यवस्थित रूपमा व्यावसायिक विज्ञबाट सञ्चालन गरिनेछ । जुन कार्यले नेपालमा चार्टर्ड एकाउन्टेन्सी शिक्षाको विकासको निमित्त कोशेढुङ्गा सावित हुनेछ ।

लेखाप्राविधिक कोर्षलाई प्रभावकारी र लेखाव्यवसायको लागि प्रमुख सहयोगी बनाउन लेखाप्राविधिक बोर्डमार्फत् यसको सञ्चालन, व्यवस्थापन, अध्ययन एवं परीक्षा प्रणालीलाई विश्वव्यापी अभ्यास र अवधारणाका आधारमा दीर्घकालिन अवधारणा तयार गरी नेपाल सरकारसँगको समन्वयमा प्रभावकारी कदम चालिनेछ ।

## सदस्य एवं पेशागत क्षमता अभिवृद्धि

संस्थाले लेखापरीक्षण कार्यको २०७२ साल श्रावण ०१ गतेदेखि लागू हुनेगरी न्यूनतम लेखापरीक्षण शुल्क निर्धारण गरेको कुरा यहांहरू सबैलाई अवगत नै छ । उक्त न्यूनतम लेखापरीक्षण शुल्कको प्रभावकारी ढंगबाट लागू गर्न आफ्ना सदस्यहरूलाई निर्देशन दिईसकेको हुनाले यसको आवश्यक अनुगमन गर्ने तथा उक्त निर्देशन पालना नगर्ने सदस्यहरूलाई आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाईनेछ ।

विशेषगरी संस्थाका नयाँ सदस्यहरूलाई लक्षित गरी लेखाव्यवसायसँग सम्बन्धित समकालीन विषयहरूको नियमिति रूपमा मासिक छलफलका लागि Study Circle मार्फत् आवश्यक व्यवस्था मिलाईनेछ । साथै संस्थाका गतिविधिहरूमा महिला सदस्यहरूको सक्रिय सहभागिता बढाउनको लागि प्रोत्साहन गरिनेछ ।

संस्थाका सदस्यहरू तथा विद्यार्थीहरूले अध्यक्ष, उपाध्यक्ष तथा उच्च पदाधिकारीहरूलाई नियमित अन्तर्क्रिया मार्फत् आफ्ना सल्लाह एवं सुझाव दिन सक्ने व्यवस्था मिलाईनेछ ।

आर्थिक गतिविधिका विभिन्न क्षेत्रमा लेखाव्यवसायको आवश्यकता पहिचान गरी सेवाको अवसर सिर्जना गरिनेछ । यसै सन्दर्भमा नेपालमा रहेका हरेक सूचीकृत कम्पनीहरूका वित्त प्रमुखमा यस संस्थाका सदस्यहरू हुनैपर्ने वाध्यकारी नियम बनाउनको लागि नेपाल सरकारसँग आवश्यक छलफल तथा गृहकार्य अगाडि बढाईनेछ ।

आरए. सदस्यहरूको क्षमता अभिवृद्धि गरी स्थानीय तहको लेखापरीक्षणलाई बढी व्यावसायिक बनाउन स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, सहकारी विभाग, आन्तरिक राजश्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयसग समन्वय गरी लेखापरीक्षणमा व्यावसायिकता सहितको एकरूपता ल्याउन पहल गरिनेछ । यसका लागि नेपाल सरकारबाट पनि उच्च प्राथमिकता दिलाउन माननीय महालेखापरीक्षकज्यूको भूमिकाको समेत अपेक्षा गरिएको छ । साथै आरए. सदस्यहरूको क्षमता अभिवृद्धि कार्यक्रमलाई देशभरी बृहत्तर रूपमा सञ्चालन गरिनेछ ।

Nepal Financial Reporting Standard (NFRS) लाई बढी व्यावहारिक रूपमा प्रयोगमा ल्याउन साना तथा मझौला तहका कम्पनीको लागि लेखामान बोर्डसंग परामर्श गरी NFRS for SMEs लागू गरिनेछ । NFRS चरणवद्ध रूपमा लागू भईसकेको हुनाले अबका तालिम, सेमिनार, गोष्ठी एवं सी.पी.ई. कार्यक्रमहरूलाई NFRS मा आधारित हुने गरी सञ्चालन गराईनेछ । साथै Online CPE को व्यवस्था गर्न पहल गरिनेछ ।

सवल लेखापरीक्षण कार्यको निमित्त Practice Guidance आवश्यक पर्ने भएकोले विभिन्न क्षेत्रको लेखापरीक्षणको लागि टास्क फोर्सको निर्माण भई यसले आफ्नो कार्य शुरू गरिसकेको छ ।

एक व्यक्ति एक पेशाको अवधारणा क्रमिक रूपमा लागू भईसकेको र दुर्गम तथा लघु क्षेत्रमा लेखापरीक्षकको अभाव हुन नदिन एवं लेखापरीक्षकमा व्यावसायिकतामा ह्रास हुन नदिन केही वर्षको लागि केही क्षेत्रमा पूर्णकालीन सेवामा रहेका सदस्यहरूलाई सीमित रूपमा प्रदान गरिएको छुटलाई प्रभावकारी कार्यान्वयनको लागि अनुगमनको व्यवस्था गरिनेछ ।

पेशागत मर्यादा तथा सेवामा देखिने अनुशासन उल्लङ्घनका विषयमा कुनै भेदभावबिना छानबिन एवं अनुशासनका कारबाही गरिने छ । जसले गर्दा संस्थाको स्वायत्ततामा र पेशागत शुद्धतामा कतैबाट प्रश्न उठाउने वातावरण बन्ने छैन । अन्य नियमनकारी निकायको अनुगमन प्रणाली सरह यस संस्थाको अनुगमन प्रणालीलाई प्रभावकारी एवं विश्वसनीय बनाउन विज्ञहरू सहितको सहभागितामा कार्यक्षेत्र र श्रोत सहितको अधिकारसम्पन्न अनुगमन समितिलाई थप व्यवस्थित गरिनेछ र जसले अनुशासन उल्लङ्घनका घटनाहरू पाएमा अनुशासनको कारबाहीको लागि जानकारी दिनसकिने व्यवस्था गरिएको छ ।

ग्रामीण, दुर्गम तथा ७५ जिल्लाकै सम्पूर्ण आर्थिक क्षेत्रमा रहेको सदस्यहरूको संख्या र लेखापरीक्षण क्षेत्रको पहिचान गर्ने कार्य सुरू भईसकेको छ । सो को प्रतिवेदन प्राप्त भईसके पछि आवश्यक निर्णय लिइनेछ ।

IFAC र WTO एवं क्षेत्रीय तहका पेशागत संगठन जस्तै CAPA तथा SAFA को सदस्यको हैसियतले आफ्नो सदस्यको पेशागत क्षमता र सेवामा गुणस्तर, विश्वशसनीयता एवं समानता ल्याउनु संस्थाको दायित्व हो । विश्वस्तरको लेखाव्यवसायमा भएको विकासलाई मुलुकले अबलम्बन गर्न सक्नु नै यसको लक्ष्य एवं उपलब्धि हो । समग्रमा संस्थाका सदस्यहरू अन्तर्राष्ट्रियस्तरमा पेशागत रूपमा स्वीकार्य हुन सक्ने तहमा पुऱ्याउनु नै संस्थाको एक मात्र लक्ष्य रहनेछ ।

## संस्थागत एवं मानव संशाधन विकास

सबै कर्मचारीहरूलाई ICAN का कर्मचारी नभनी कर्मचारीको ICAN भन्ने महशुश गराउने वातावरण र अवसर प्रदान गरिनेछ । संस्थाको संगठनात्मक संरचनामा समयानुकूल संशोधन गर्न अत्यन्तै अनिवार्य भईसकेको सन्दर्भमा आवश्यक यथेष्ट संख्यामा प्राविधिक तथा व्यवस्थापकीय कर्मचारीहरूको यथाशीघ्र नियुक्ति गरी संस्थालाई समयानुकूल कार्य सम्पादन गर्न व्यवस्थित र मजबुद बनाईनेछ ।

कर्मचारीहरूलाई कामप्रति अझ लगनशील बनाई उनीहरूको मनोबल उच्च राख्न प्राप्त भइरहेको सुविधामा पुनर्विचार गरिनेछ ।

साथै अन्य नियमनकारी निकाय सरहको बृत्ति विकासको अवसरका लागि आवश्यक तयारी गरिनेछ । संस्थाका कर्मचारीको राय, सुझावमा सक्षम र कुशल कर्मचारीलाई दीर्घकालिन रूपमा रहने वातावरण निर्माण गरिनेछ ।

संस्थाका सदस्यहरू तथा विद्यार्थीहरूको पहुंच बढाउनको निमित्त उपत्यका बाहिर रहेका शाखा कार्यालयहरूलाई मजबुद र व्यवस्थित बनाउनु पर्ने आवश्यकता रहेको छ । उपत्यका बाहिर रहेको कम्तीमा एउटा शाखाको आधुनिक भवनको निर्माणको लागि आवश्यक पहल गरिनेछ । यसको लागि नेपाल सरकार तथा संस्थाका सम्पूर्ण सदस्यहरूको सहयोगको अपेक्षा राख्दछौं ।

यस संस्थाको परिषदको चुनावी प्रणालीलाई समय सापेक्ष, उत्कृष्ट र मर्यादित बनाउन आवश्यक पद्धतीको विकास गर्दै आगामी आठौं परिषद्को चुनाव Online System बाट गराईने व्यवस्था गरिनेछ ।

Board of Studies र Auditing & Assurance Board को गठनसहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ लाई संशोधन गर्न नेपाल सरकार समक्ष पेश गरिएकोमा सो को स्वीकृति भएको व्यहोरा अवगत गराउन चाहन्छु । अहिले बोर्ड गठनको प्रक्रियामा संस्था रहेको जानकारी समेत गराउन चाहन्छु ।

## सरकारसँगको सम्बन्ध

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११ बमोजिम यस संस्थाको काम, कर्तव्य र अधिकारमा एउटा प्रमुख कार्य नेपाल सरकारलाई उद्योग, बाणिज्य, अर्थ, राजश्व तथा लेखा व्यवसायसंग सम्बन्धित विषयका विभिन्न प्रचलित कानूनहरूको सुधारको निमित्त राय सुझाव दिने हो । Pre-Budget Discussion, Post-Budget Discussion, करसम्बन्धी छलफल, देशको मौद्रिक नीति तथा समस्त आर्थिक क्षेत्रमा असर पार्ने राष्ट्रिय नीतिहरूमा यस संस्थाले सल्लाह एवं सुझाव उपलब्ध गराउँदै आएको यहाँहरू सबैलाई सर्वविदितै छ । आगामी दिनहरूमा समेत संस्थाले उपरोक्त बमोजिम अझै प्रभावकारी ढंगबाट भूमिका खेल्ने छ ।

देशको केही क्षेत्रमा यस संस्थाको भूमिकाबारे अझै केही अनविज्ञता रहेको महशुश गरिएको छ । यसै परिपेक्षलाई मध्यनजर गर्दै संस्थाको नियामक भूमिका तथा जिम्मेवारीलाई सबै क्षेत्रमा पुऱ्याउन आवश्यक कायक्रमहरू सञ्चालन गरिने छन् ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

अन्तर्राष्ट्रिय जगत, IFAC, CAPA, SAFA लगायतका संस्थाहरूमा यस संस्थाको योगदान एवं भूमिकालाई अझ सशक्त रूपमा अगाडि बढाईनेछ । SAFA Level मा पारस्परिक मान्यताका लागि आवश्यक पहल जारी राखिनेछ । समग्रमा यस संस्थाको जिम्मेवारी भनेको विश्वव्यापी रूपमा मान्य शिक्षा तथा पेशामा गुणस्तर र विश्वसनीयता दिलाउनु नै हो । साथै हामी आजसम्मका र भोलीका नेतृत्व वर्गले व्यवस्थापकीय कार्यमा निरन्तररूपमा लागिरहनु पर्दछ भन्ने मलाई लाग्दछ ।

मलाई विश्वास गर्नुभई संस्थाको उच्च पदमा निर्वाचित गराउनुहुने सम्पूर्ण सदस्य मित्रहरूलाई धन्यवाद दिन चाहन्छु साथै मेरो उत्तरदायित्वलाई सफलतापूर्वक सम्पन्न गर्नको निमित्त संस्थाका सदस्यलगायत सरोकारवालाहरूबाट सहयोग र सहसम्बन्धको अपेक्षा गर्दछु ।

संस्थाका अन्य क्रियाकलापहरूको जानकारी आगामी खवरपत्रमा गराउने छु ।

अन्तमा, संस्थाका सदस्य, पार्षद् एवं कर्मचारीलगायत उहाँहरूको परिवारलाई विजयादशमी, दिपावली तथा छठको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रकाश लम्साल
अध्यक्ष

## राष्ट्रिय वित्तीय प्रतिवेदन सम्मान, २०१४

संस्थाले सातौं परिषद्को निर्वाचन सम्पन्न भई नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षद्हरूको शपथ ग्रहण कार्यक्रमको अवसर पारेर २०७२ श्रावण ६ गते राष्ट्रिय वित्तीय प्रतिवेदन सम्मान, २०१४ को घोषणा गऱ्यो । समारोहका प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले दीप प्रज्वलन गरी कार्यक्रमको बिधिवत उद्घाटन गर्नुभएको थियो ।



माननीय अर्थमन्त्री डा. रामशरण महत दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुहुंदै

यस पटक उत्कृष्ट पाँचवटा विभिन्न विधामा राष्ट्रिय वित्तीय प्रतिवेदन सम्मान, २०१४ प्रदान गरिएको थियो । बैंकिङ्ग क्षेत्र (सार्वजनिक तथा निजी), वित्तीय क्षेत्र (विकास बैंक तथा फाईनान्स कम्पनीहरू), बीमा क्षेत्र, सार्वजनिक क्षेत्रका संस्थाहरू र सामान्य क्षेत्र आदि गरी विभिन्न पाँच विधामा पेश भएका प्रतिवेदनहरू पूर्व निर्धारित मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौट भएका संस्थाहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. रामशरण महतले उत्कृष्ट वित्तीय प्रतिवेदन तयार गर्ने विजयी संस्थाहरूलाई सम्मानपत्र वितरण गर्नुभएको थियो । प्रतिवेदनको आधारमा निम्न संस्थाहरूलाई विजेता तथा उपविजेता घोषणा गरिएको थियो ।

| क्र.सं | क्षेत्र | विजेता | उपविजेता |
|---|---|---|---|
| १ | बैंकिङ्ग क्षेत्र (सार्वजनिक तथा निजी) | नबिल बैंक लिमिटेड | स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड |
| २ | वित्तीय क्षेत्र (विकास बैंक तथा फाईनान्स कम्पनीहरू) | कैलाश विकास बैंक लिमिटेड | नारायणी नेशनल फाइनान्स लिमिटेड |
| ३ | बीमा क्षेत्र | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | - |
| ४ | सार्वजनिक क्षेत्रका संस्थाहरू | कर्मचारी सञ्चय कोष | |
| ५ | सामान्य क्षेत्र | बुटवल पावर कम्पनी लिमिटेड | नेपाल दूरसंचार कम्पनी लिमिटेड |

विजयी संस्थाको तर्फबाट प्रतिनिधित्व गर्दै कर्मचारी संचय कोषका प्रशासक सिए. कृष्णप्रसाद आचार्यले कार्यक्रममा बोल्नु हुंदै गुणात्मक वित्तीय प्रतिवेदनले संस्थाको छवि र विश्वसनयीता बढाउनुका साथै वित्तीय प्रतिवेदन सम्मानले दक्षिण एशियामा संगठनको क्षमता देखाउने विशेष आधार तयार हुने धारणा राख्नु भएको थियो । वित्तीय प्रतिवेदनको मुल्याङ्कन दक्षिण एशियाली लेखाव्यवसायी महासंघ (साफा) द्वारा तयार गरिएको मापदण्डको आधारमा हुने गरेको छ । नेपालमा उत्कृष्ट वार्षिक वित्तीय प्रतिवेदनको सम्मानको थालनी सन् २००३ बाट भएको थियो ।

## शपथ ग्रहण समारोह

संस्थाको सातौं परिषदको पहिलो कार्यकालको लागि नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षद्हरूको शपथ ग्रहण समारोहको उद्घाटनअघि संस्थाका अध्यक्ष सिए. नरेन्द्र भट्टराईले प्रमुख अतिथिलाई फूलको गुच्छासहित स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा बोल्ने क्रममा संस्थाका अध्यक्ष सिए. भट्टराईले प्रमुख अतिथिलगायत अन्य अतिथिहरू र सहभागीहरूको स्वागत गर्दै मन्तव्य प्रस्तुत गर्नुभएको थियो । स्वागत मन्तव्यको क्रममा उहाँले आफ्नो अध्यक्षतामा संस्थाले हासिल गरेको उपलब्धिका साथै सम्पन्न हुन नसकेको विविध कार्यक्रमहरूको बारेमा जानकारी गराउनु भएको थियो । सम्पन्न हुन नसकेका विविध कार्यक्रमहरू सातौं परिषदले सम्पन्न गर्ने कुरामा समेत आफू बिश्वस्त रहेको धारणा राख्नुभएको थियो । उहाँले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संस्था तथा आफ्नो कार्यकाल सफल पार्न सहयोग गर्नुहुने सबै सरोकारवालाहरूलाई व्यक्तिगत तथा संस्थागत तर्फबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्यले नवनिर्वाचित पार्षद्हरूलाई एक विशेष कार्यक्रमका बीच पद तथा गोपनीयताको सपथ गराउनु भयो ।



माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्य नवनिर्वाचित पार्षद्हरूलाई पद तथा गोपनीयताको सपथ गराउनुहुंदै

त्यसैगरी सातौं परिषदका प्रथम नवनिर्वाचित अध्यक्ष सिए. प्रकाश लम्साललाई माननीय महालेखापरीक्षकले पद तथा गोपनीयताको शपथ गराउनु भयो । उक्त अवसरमा निवर्तमान अध्यक्ष सिए. नरेन्द्र भट्टराईले नवनियुक्त अध्यक्षलाई अध्यक्षको तक्मा सहित अध्यक्षको जिम्मेवारी सुम्पनु भयो । अध्यक्षमा निर्वाचित हुनु पूर्व सिए. लम्सालले छैठौं परिषदको तेस्रो कार्यमा उपाध्यक्षको भूमिका निर्वाह गर्नुभएको थियो ।



नवनिर्वाचित अध्यक्ष सिए. प्रकाश लम्साल माननीय महालेखापरीक्षकबाट पद तथा गोपनीयताको शपथ लिनुहुंदै

शपथ ग्रहणकै क्रममा नवनिर्वाचित अध्यक्ष सिए. प्रकाश लम्सालले नवनिर्वाचित उपाध्यक्ष सिए. महेश खनाललाई पद तथा गोपनीयताको शपथ गराउनु भयो ।

नव निर्वाचित अध्यक्ष सिए. प्रकाश लम्सालले आफूले प्राप्त गरेको जिम्मेवारीलाई स्वीकार्दै आफूलाई निर्विरोध निर्वाचित गर्न सहयोग पुऱ्याउनु भएकोमा पार्षद्हरूलाई धन्यवाद दिनुभयो । उहाँले आफ्नो नेतृत्वलाई सफल पार्नको साथै संस्थाको उन्नतिको लागि पार्षद्हरू, पूर्व अध्यक्षहरू, संस्थाका कर्मचारीहरू साथै अन्य सरोकारवालाहरूबाट सहयोग प्राप्त हुनेमा पूर्ण विश्वास रहेको धारणा व्यक्त गर्नु भयो । उक्त समारोहमा उहाँले अध्यक्षको हैसियतमा संस्थाको आगामी नीति तथा कार्ययोजनाको बारेमा जानकारी गराउनु भयो । साथै उहाँले अघिल्लो परिषद्ले सम्पन्न गर्न बाँकी रहेका कार्यक्रमहरूलाई निरन्तरता दिई अघि बढ्ने जानकारी गराउनु भयो ।

कार्यक्रममा बोल्दै संस्थाका प्रथम अध्यक्ष एवं साफाका पूर्व अध्यक्ष सिए. कोमलबहादुर चित्रकारले लेखाव्यवसायको विकासमा संस्थाले गरेको उल्लेखनीय प्रगतिको प्रशंसा गर्नुभयो ।


संस्थाले आफ्नो पहिचानको गतिलाई अझ बढाउनु पर्नेमा जोडदिनु भयो । नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षदहरूलाई बधाई तथा सफलताको शुभकामना दिनुका साथै उहाँले संस्थाको विकासको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने समेत जानकारी गराउनु भयो ।

त्यसैगरी, माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्यले नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षद्हरूलाई बधाई तथा सफलताको शुभकामना दिनुभयो ।

उहाँले हालसम्म संस्थाले लेखाव्यवसायको क्षेत्रमा गरेको प्रगतिको प्रशंसा गर्दै महालेखापरीक्षकको कार्यालयबाट हुनसक्ने सहयोगको लागि आफू सधैं तत्पर रहेको बताउनु भयो । उहाँले संस्थाले आफ्नो प्रगतिको गतिलाई अझै द्रुत रूपमा लानुपर्ने धारणा राख्दै संस्थामा रहेका कमी कमजोरीहरूलाई सच्याउँदै जानुपर्ने आवश्यकतामा जोड दिनुभयो । संस्थाले आफ्ना सदस्यहरूको अनुगमनलाई बढी जोड दिनुपर्ने, आचार संहिता, लेखामान तथा लेखापरीक्षणमान साथै जारी गरेका निर्देशनहरूको पालनाका सम्बन्धमा चनाखो हुनुपर्ने धारणा राख्नुभयो ।

त्यसैगरी सरोकारवालाहरूसंगको सम्बन्धलाई सुदृढताका साथ अघि बढाउनु पर्ने र सरकारलाई लेखा तथा लेखापरीक्षण क्षेत्रमा सुझाव दिई राष्ट्रको सार्वजनिक वित्तीय व्यवस्थापनलाई बलियो बनाउन सहयोग गर्न सुझाव दिनुभएको थियो । अन्तमा, उहाँले संस्थाले गरेको अन्तर्राष्ट्रिय सम्मेलन, कार्यशाला गोष्ठी, समारोह जस्ता कार्यक्रमको आयोजनाको माध्यमबाट देशको सार्वजनिक वित्तीय व्यवस्थापनलाई सुदृढ गर्न गरेको प्रयास निकै महत्वपूर्ण रहेको बिचार राख्दै प्रशंसा गर्नुभएको थियो ।

त्यसैगरी कार्यक्रममा बोल्दै माननीय अर्थमन्त्री डा. रामशरण महतले नवनिर्वाचित अध्यक्ष, उपाध्यक्ष तथा पार्षद्हरूलाई बधाई तथा कार्यकालको सफलताको शुभकामना दिनुभयो ।




माननीय अर्थमन्त्री डा. रामशरण महत कार्यक्रममा सम्बोधन गर्नुहुँदै

उहाँले मुलुकको आर्थिक विकासमा लेखा तथा लेखाव्यवसायको महत्व र योगदानका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । निष्पक्ष ढंगबाट गरिएको लेखापरीक्षणले समाजमा लेखाव्यवसायप्रति विश्वासमात्र बढाउने नभई यसले लगानीमैत्री वातावरणको समेत सिर्जना गर्ने धारणा व्यक्त गर्नु भयो । वैदेशिक लगानी मुलुकको विकासको लागि राम्रो स्रोत भएता पनि हाम्रा सामु निकै चुनौतीहरू पनि रहेको धारणा राख्नुभएको थियो । त्यस्ता चुनौतीहरूको सामना गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लेखाव्यवसायको माध्यमबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने विश्वास व्यक्त गर्नुभएको थियो । संस्थाको विकासको निमित्त आवश्यक सहयोग गर्न अर्थ मन्त्रालय तत्पर रहेको धारणा समेत राख्नुभएको थियो ।

कार्यक्रमलाई समापन गर्नु अघि प्रमुख अतिथि, विशेष अतिथि तथा सातौं परिषद्का निर्वाचन अधिकृतलाई मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रमको समापन गर्ने क्रममा संस्थाका नवनिर्वाचित उपाध्यक्ष सिए. महेश खनालले नवनिर्वाचित अध्यक्ष सिए. प्रकाश लम्सालको तर्फबाट पूर्ण सहयोग गर्ने वाचा गर्नुभयो । उहाँले निवर्तमान अध्यक्ष सिए. नरेन्द्र भट्टराईलाई उहाँको कार्यकाल सफलतासाथ सम्पन्न गर्नु भएकोमा बधाई दिनुभयो । अन्तमा उहाँले कार्यक्रममा सहभागी भई शोभा बढाउनु हुने प्रमुख अतिथि, विशेष अतिथि तथा कार्यक्रममा सहभागी सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्नुभयो ।

### बिभिन्न स्थायी तथा अस्थायी समिति गठन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा १३ बमोजिम संस्थाको परिषद्ले विभिन्न ४ वटा स्थायी र २६ अस्थायी समितिहरू बोर्ड सहित गठन गरी ती समितिहरूको पदाधिकारीहरू समेत तोकेको छ । स्थायी तथा अस्थायी समितिहरूको नामावली निम्न अनुसार रहेको छ ।

**स्थायी समितिहरूः**

| Name of the Committee | Name of the Committee |
|---|---|
| Disciplinary Committee | Examination Committee |
| Executive Committee | Professional Development Committee |

**अस्थायी समितिहरूः**

| Name of the Committee | Name of the Committee | Name of the Committee |
|---|---|---|
| Editorial Committee | Small and Medium Practices (SMP) Committee | Fiscal and Taxation Committee |
| Education Committee | Monitoring Committee | RA. Member Capacity Development Committee |
| Ethics Committee | Recruitment Committee | Building Committee |
| Continuing Professional Education Committee | Committee for Members in Industry | Accounting Technician Board |
| NFRS(Excluding Banks and Insurance), NSA and NPSAS Implementation Committee | Career Counseling Committee | Peer Review Board |
| Audit Committee | Research and Development Committee | Contemporary Issue Discussion Committee |
| Scholarship Selection Committee | Committee for Implementation of NFRS -Bank | Committee for NPO's and Cooperatives |
| Expert Advisory Committee | Committee for Implementation of NFRS -Insurance | ICAN Advisory Committee |
| Informational Technology Committee | Law Reform Committee | |

यी समितिहरूको कार्य विवरण (Terms of Reference) समेत तोकिएको छ ।

### ICAEW का प्रतिनिधिको नेपाल भ्रमण

यस संस्थाको चार्टर्ड एकाउन्टेन्सी शिक्षाको पाठ्यक्रमहरूलाई Institute of Chartered Accountants of England and Wales (ICAEW) सँग तालमेल मिलाउने सम्बन्धमा २०७२ भाद्रको अन्तिम साता एक हप्ताको लागि ICAEW बाट दुईजना प्रतिनिधिहरू Mr. Stephen Lamdin र Dr. David Brookfield नेपाल आउनुभएको थियो । उक्त अवधिमा प्रतिनिधिहरूले माननीय महालेखापरीक्षकज्यू, महालेखा नियन्त्रकज्यू, विभिन्न लेखाव्यवसायी फर्महरू, चार्टर्ड एकाउन्टेन्सी टियूसन प्रदायक संस्थाहरू र केही कर्पोरेट संस्थाका प्रमुखहरूसँग भेटघाट गरी नेपालमा लेखाव्यवसायको क्षेत्र तथा संस्थाको Syllabus बारे बिस्तृत अध्ययन गरेर फर्कनु भयो । यस अध्ययनको आधारमा ICAN को पाठ्यक्रमलाई ICAEW सँग मिलान गर्नको लागि गर्नुपर्ने सुधारहरू बारेमा राय सुझाव केही हप्ता भित्र पठाउने जानकारी गराईएको थियो ।

### नेपाल राष्ट्र बैंकका डेप्यूटी गभर्नरसँग बैठक

यस संस्थाले जारी गरेको Nepal Financial Reporting Standards (NFRS) लागु हुने तालिकाअनुसार आर्थिक वर्ष २०७२/७३ देखि वाणिज्य बैंकहरूलाई पनि NFRS लागु हुने कार्यक्रम तोकिएको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयनका लागि उपाध्यक्ष सिए. महेश खनालको नेतृत्वमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर सिए. महाप्रसाद अधिकारीसंग २०७२ भाद्र २० गते छलफल भएको थियो ।

नेपाल राष्ट्र बैंकले पनि आ.व. २०७२/७३ देखि नै NFRS लागु गर्न सबै वाणिज्य बैंकहरूसँग कार्ययोजना मागेको जानकारी प्राप्त भएको छ । डेप्यूटी गभर्नरसँगको छलफल पश्चात मिति २०७२ आश्विन १८ गतेका दिन विभिन्न बैंकका प्रमुखहरूलाई संस्थाले तयार गरेको NFRS Implementation in Banks - GAP Analysis को प्रस्तुतिकरण गरिएको थियो ।

### सदस्यता, पेशागत प्रमाणपत्र र लेखाव्यवसायी प्रमाणपत्र नवीकरण सम्बन्धमा

२०७२ श्रावण १ देखि २०७२ आश्विन १३ सम्म संस्थाको कूल सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था तथा नवीकरण स्थिति निम्न अनुसार रहेको छ ।

| सदस्य | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| सिए/एफसिए | ८७५ | ४९० | ६७१ | २९३ | ५८३ | २९४ |
| आरए. बी | ३३७५ | १७२१ | ३१३९ | १२८९ | १५९१ | १२९२ |
| आरए. सी | १६०७ | ७६८ | १४७५ | ६४१ | ८०५ | ६४२ |
| आरए. डी | २२८५ | ११३७ | २०९३ | १०10 | ११४५ | १००३ |
| कूल सदस्य | ८१४२ | ४११६ | ७३७८ | ३२३३ | ४१२४ | ३२३१ |

### २०१५ जून महिनाको चार्टर्ड एकाउन्टेन्सी परीक्षाको नतिजा सम्बन्धमा

संस्थाले २०१५ जूनको चार्टर्ड एकाउन्टेन्सी कोर्षअन्तर्गत CAP I, CAP II , CAP III तह र चार्टर्ड एकाउन्टेन्सी सदस्यताको अन्तिम परीक्षाको नतिजा दुई चरणमा प्रकाशित गरेको छ । २०१५ जूलाई १ देखि ९ सम्म सञ्चालित उक्त परीक्षामा सम्मिलित परीक्षार्थीहरूको संख्या र तहगत नतिजा निम्न बमोजिम रहेको छ ।

| क्र.सं | तह | विद्यार्थी विबरण | पहिलो समूह | दोश्रो समूह | दुवै समूह | कूल |
|---|---|---|---|---|---|---|
| १ | CAP I | परीक्षामा सामेल संख्या | | | | ४४६ |
| | | उत्तीर्ण संख्या | | | | २९५ |
| २ | CAP II | परीक्षामा सामेल संख्या | २७० | २३२ | ६३३ | ११३५ |
| | | उत्तीर्ण संख्या | ३७ | ८० | २९ | १४६ |
| ३ | CAP III | परीक्षामा सामेल संख्या | १४९ | १५० | १४७ | ४४६ |
| | | उत्तीर्ण संख्या | ३५ | २० | ७ | ६२ |

परीक्षाको घोषित नतिजाअनुसार तहगत कूल विद्यार्थीमध्ये २९५ जना CAP I बाट CAP II को लागि, ८२ जना CAP II बाट CAP III को लागि र ३६ जना संस्थाले तोकेको अन्य आवश्यक प्रक्रिया पूरा गरी संस्थाको सदस्यताको लागि योग्य भएका छन् ।

त्यसैगरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४१ अनुसार संस्थाको सदस्यता प्राप्त गर्न परीक्षा दिनुपर्ने व्यवस्था छ । भारतको ICAI बाट चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्ने व्यक्तिहरूले संस्थाको सदस्यता प्राप्त गर्न अनिवार्य रूपमा दुई विषयको परीक्षा उत्तीर्ण गर्नुपर्ने संस्थाको प्रावधानअनुरूप

२०१५ जूनको सदस्यता परीक्षामा सम्मिलित भएका २५८ परीक्षार्थीमध्ये ४० जनाले परीक्षा उत्तीर्ण गरेका छन् । परीक्षाको लागि कूल २८४ जनाले परीक्षा फाराम भरेका थिए ।

CAP I को नतीजा २०१५ अगष्ट १४ र CAP II, CAP III तथा सदस्यता परीक्षाको नतिजा २०१५ सेप्टेम्बर १५ मा प्रकाशित भएको थियो ।

### विद्यार्थी अभिमुखी कार्यक्रम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले CAP I र CAP II तहका विद्यार्थीहरूलाई चार्टर्ड एकाउन्टेन्सी शिक्षाको बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न मितिमा चार्टर्ड एकाउन्टेन्सी शिक्षासम्बन्धी अभिमुखी कार्यक्रम सञ्चालन गर्‍यो । उक्त कार्यक्रममा CAP I र CAP II तहका क्रमशः ३२८ र २४ विद्यार्थीहरूको सहभागिता रहेको थियो । २०१५ जुलाई १४-१७ सम्म CAP I र २०१५ सेप्टेम्बर १-३ सम्म CAP II का विद्यार्थीहरूको लागि कार्यक्रम सञ्चालन गरिएको थियो ।

### पुस्तकालयमा थप पुस्तक

संस्थाले विगत ३ महिनामा पुस्तकालयमा करसम्बन्धी केही नयाँ पुस्तकहरू थप गरेको छ ।

### छात्रवृत्ति सम्बन्धमा

साविक सरह यो वर्ष पनि संस्थाले छात्रवृत्तिको लागि अवोदन खुल्ला गरेको थियो । यो व्यवस्था जेहेन्दार, गरिव तथा दुर्गम स्थानका बसोवास गर्ने लगनशील विद्यार्थीहरूका वीच चार्टर्ड एकाउन्टेन्सी शिक्षाको पहुच पुर्‍याउने उद्देश्यका साथ विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरूलाई संस्थाले वार्षिक रूपमा पूर्ण तथा आशिंक छात्रबृत्ति प्रदान गर्दै आएको छ ।

### साफा बोर्ड, कमिटी बैठक तथा सम्मेलनमा सहभागिता

संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालको नेतृत्वमा ५ सदस्यीय टोलीले २०१५ जुलाई २६ देखि २०१५ जुलाई २८ सम्म श्रीलंकाको कोलम्बोमा आयोजना भएको SAFA को ४० औं बोर्ड बैठक, विभिन्न कमिटी बैठक तथा ICMA Management Accounting Summit "Business Resilience through Integrated Reporting" मा भाग लियो ।



संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल IFAC अध्यक्ष तथा अन्य सहभागीका साथ

संस्थाको तर्फबाट सहभागी हुने अन्य पदाधिकारीहरू निम्न रहनुभएको थियो ।

१. सिए. महेश खनाल - उपाध्यक्ष
२. सिए. रामप्रबोध साह - पार्षद्
३. आरए. यादवप्रसाद न्यौपाने - पार्षद्
४. सिए. सुवोधकुमार कर्ण - साफा समिति सदस्य तथा पूर्व अध्यक्ष

### सह-निर्देशकहरूको श्रीलंका भ्रमण

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आफ्ना कर्मचारीहरूको क्षमता विकासको निमित्त विभिन्न देशमा अध्ययन तथा अवलोकन भ्रमणको अवसर प्रदान गर्दै आएको छ । सो क्रममा यस पटक संस्थाका सह-निर्देशक द्वय श्री विनोद न्यौपाने र श्री श्याममणी दाहाल अध्ययन तथा अवलोकन भ्रमणको निमित्त श्रीलंकाको The Institute of Chartered Accountants of Sri Lanka (ICASL) जानुभएको थियो । उहांहरूको भ्रमण अवधि २०७२ भाद्र ६ देखि १२ सम्म रहेको थियो ।

भ्रमणको उद्देश्य दुई संस्थाबीचको आपसी सम्बन्ध विस्तारका साथै कार्यात्मक प्रणालीको अध्ययन गर्नुरहेको थियो । उहाँहरूले विशेषगरी शैक्षिक प्रणाली, परीक्षा प्रणाली, सदस्यता प्रदान, संगठनात्मक संरचना, सुशासन र अन्य समसामयिक विषयवस्तु बारे जानकारीको आदानप्रदान गर्नुभएको थियो । भ्रमण अवधिमा उहाँहरूले कार्यकारी प्रमुख, प्राविधिक निर्देशक र विभागीय प्रमुखहरूसँग समसामयिक विषयमा छलफल गर्नुभएको थियो ।

## सूचना तथा निर्देशनहरू

### न्यूनतम लेखापरीक्षण शुल्क तथा अधिकतम फाइल संख्याको प्रावधानमा परिमार्जन सम्बन्धी सूचना ।

परिषदको मिति २०७१ फाल्गुण ४ गते बसेको १८४औं बैठकको निर्णयानुसार संस्थाका सदस्यहरूले विभिन्न निकायको लेखापरीक्षण गर्दा लिइने न्यूनतम लेखापरीक्षण शुल्क तथा परिषदले निर्धारण गरेको लेखापरीक्षण गर्न पाउने अधिकतम फाइल संख्याको प्रावधानमा परिमार्जन गरेको छ । परिमार्जित न्यूनतम लेखा परीक्षण शुल्क निम्न बमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उपरोक्त परिमार्जित न्यूनतम शुल्क तथा फाइल संख्याको व्यवस्था मिति २०७२ श्रावण १ गते देखि लिइने नियुक्तीहरूमा लागु हुने समेत निर्णय गरिएको छ ।

क) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले तलका बुंदाहरूमा उल्लेख गरिएका निश्चित संस्था तथा निकायहरू बाहेकका संस्था तथा निकायहरूको लेखापरीक्षण गरे बापत प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्कमा देहाय बमोजिम निर्धारण गरिएको छ ।

| | संशोधित लेखापरीक्षण शुल्क रू. |
|---|---|
| "घ" वर्गका दर्तावाला लेखापरीक्षक सदस्य तथा लेखा प्राविधिज्ञले | रू. ५,००० |
| "ग" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले | रू. १०,००० |
| "ख" वर्गका दर्तावाला लेखापरीक्षक सदस्यले | रू. १५,००० |
| फेलो चार्टर्ड एकाउन्टेन्ट सदस्य/चार्टर्ड एकाउन्टेन्ट सदस्यले | रू. २०,००० |

ख) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले सूचिकृत सार्वजनिक वित्तीय संस्थाहरूको लेखापरीक्षण गर्दा कूल कर्जा लगानी वा निक्षेप जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| सूचिकृत सार्वजनिक वित्तीय संस्था | |
|---|---|
| कर्जा लगानी वा निक्षेप रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू. |
| १०० अर्व भन्दा माथि | २५,००,००० |
| ५० अर्व भन्दा माथि | २०,००,००० |
| १० अर्व भन्दा माथि | १०,००,००० |
| ५ अर्व भन्दा माथि | ५००,००० |
| १ अर्व भन्दा माथि | ३००,००० |
| न्यूनतम | १००,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही "क" वर्गको वाणिज्य बैंकहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १० लाख भन्दा कम हुनु हुंदैन ।

ग) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले अन्य सूचिकृत भएका तथा नभएका सार्वजनिक एवं निजी कम्पनी तथा अन्य संस्थाहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| कारोवार रकम रू. | अन्य सूचिकृत तथा सार्वजनिक संस्थाहरूको न्यूनतम लेखापरीक्षण शुल्क रू. | निजी कम्पनी तथा प्रचलित कानून बमोजिम स्थापना भएको अन्य संस्थाको न्यूनतम लेखापरीक्षण शुल्क रू. |
|---|---|---|
| ५० अर्व भन्दा माथि | २०,००,००० | १५,००,००० |
| १० अर्व भन्दा माथि | १०,००,००० | ८,००,००० |
| ५ अर्व भन्दा माथि | ५,००,००० | ४,००,००० |
| १ अर्व भन्दा माथि | ३००,००० | २५०,००० |
| ६० करोड भन्दा माथि | २००,००० | १५०,००० |
| १५ करोड भन्दा माथि | सूचिकृत कम्पनीको न्यूनतम शुल्क लागु हुने | १००,००० |
| २ करोड भन्दा माथि | सूचिकृत कम्पनीको न्यूनतम शुल्क लागु हुने | ४०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही सुचिकृत कम्पनीहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १ लाख भन्दा कम हुनु हुंदैन ।

घ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले सहकारी संस्थाहरूको लेखापरीक्षण गर्दा कूलकर्जा लगानी वा निक्षेप जुन बढी हुन्छ त्यसैको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| कर्जा लगानी वा निक्षेप रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू |
|---|---|
| ५ अर्व भन्दा माथि | ५००,००० |
| १ अर्व भन्दा माथि | २००,००० |
| ६० करोड भन्दा माथि | १००,००० |
| १५ करोड भन्दा माथि | ७५,००० |
| ५ करोड भन्दा माथि | ५०,००० |
| २ करोड भन्दा माथि | २५,००० |

ङ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूमा लेखापरीक्षण गर्दा, सो संस्थाहरूले नगदमा आधारित वित्तीय विवरण तयार गर्ने हुनाले, अनुदान तथा अन्य प्राप्तिको कूल रकमको आधारमा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| अनुदान तथा अन्य प्राप्त रकम रू. | न्यूनतम लेखापरीक्षण शुल्क रू |
|---|---|
| ५० करोड भन्दा माथि | ५००,००० |
| २० करोड भन्दा माथि | २००,००० |
| १ करोड भन्दा माथि | १००,००० |
| ५० लाख भन्दा माथि | ५०,००० |

उपरोक्त न्यूनतम शुल्कको अधिनमा रही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क रू. १ लाख भन्दा कम हुनेछैन ।

च) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले स्थानीय निकायहरूको लेखापरीक्षण गर्दा प्राप्त गर्नुपर्ने न्यूनतम लेखापरीक्षण शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

| | न्यूनतम लेखापरीक्षण शुल्क रू. |
|---|---|
| काठमाडौं उपत्यका, काभ्रे, कास्की बाहेक पहाडी क्षेत्रका सबै नगरपालिका | १००,००० |
| काठमाडौं उपत्यका, काभ्रे, कास्की तथा तराईका सबै नगरपालिका | १५०,००० |
| सबै उपमहानगरपालिका | ५,००,००० |
| सबै महानगरपालिका | १०,००,००० |

छ) सदस्यहरूले लेखापरीक्षण तथा अन्य कार्यको लागि प्रस्ताव पेश गर्दा विभिन्न तहको Manpower को न्यूनतम शुल्क तथा Certification Work को न्यूनतम शुल्क देहाय बमोजिम निर्धारण गरिएको छ ।

अ) Statutory Audit / Internal Audit / Tax Audit & Accountancy Consultancy Job / Investigation /Management Service / Special assignments कार्यको लागि*:*

| | बिद्यमान शुल्क प्रतिदिन रू. | परिमार्जित शुल्क प्रतिदिन रू. |
|---|---|---|
| एफ.सि.ए. सदस्यको हकमा | ४,००० | १०,००० |
| सि.ए.सदस्यको हकमा | ३,००० | ७,५०० |
| आर.ए.बी. सदस्यको हकमा | १,५०० | ५,००० |
| अन्य सदस्य र सहायकको हकमा | १,००० | ३,००० |

आ) Certification Work को लागि

| | बिद्यमान शुल्क प्रतिकार्य रू. | परिमार्जित शुल्क प्रतिकार्य रू. |
|---|---|---|
| एफ.सि.ए. सदस्यको हकमा | ३,००० | ३,००० |
| सि.ए.सदस्यको हकमा | २,५०० | ३,००० |
| आर.ए. सदस्यको हकमा | | १,५०० |

ज) रू. २० (बीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकलफर्म, साझेदारी फर्म, सहकारी संस्था सरकारी प्राथमिक विद्यालयहरू, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरू तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरूको हकमा न्यूनतम लेखापरीक्षण शुल्क लागु हुने छैन । तर विना पारिश्रमिक लेखापरीक्षण गर्न भने पाइने छैन ।

झ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले आन्तरीक लेखापरीक्षण गर्दा प्राप्तगर्ने शुल्क पनि माथि निर्धारण गरिएको न्यूनतम लेखापरीक्षण शुल्ककै आधारमा लिनुपर्ने छ । कुनै विशेष क्षेत्र अथवा कुनै कारोवारमा सिमित रहने गरी आन्तरीक लेखापरीक्षण गर्नु परेमा बुंदा नं छ(अ) बमोजिमको प्रतिकार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम हुने छैन ।

ञ) संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कर लेखापरीक्षण तथा नियमनकारी निकायले माग गरेको विशेष प्रतिवेदन तयार गर्दा छुट्टै शुल्क लिनुपर्ने छ र सो शुल्क बुंदा छ(अ) बमोजिम प्रतिकार्य दिनको लागि तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम हुने छैन ।

ट) माथि उल्लेख गरिएको लेखापरीक्षण शुल्कमा लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्चहरू समावेश गरिएको छैन । लेखापरीक्षणसंग सम्बन्धित अन्य खर्च छुट्टै हुनेछ ।

ठ) न्यूनतम लेखापरीक्षण शुल्क निर्धारण गर्ने प्रयोजनको लागि लेखापरीक्षण भएको अघिल्लो आ.व.को वित्तीय विवरणलाई आधार मान्नु पर्नेछ ।

ड) सार्वजनिक निकायहरूको लेखापरीक्षण शुल्कको हकमा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्त भई तहाँबाट शुल्क तोकिने निकायहरूको हकमा लेखापरीक्षण शुल्क महालेखापरीक्षकको कार्यालयले तोकेको बमोजिम हुनेछ ।

ढ) नेपाल सरकारले संस्थाका सदस्यलाई लेखापरीक्षणको कार्य तथा व्यावसायिक प्रतिस्पर्धा बाहेकका अन्य कुनै पनि कार्यमा समावेश गराउंदाका हकमा यो निर्देशन लागु हुने छैन ।

ण) पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एक आर्थिक बर्षमा १०० वटा सम्ममात्र लेखापरिक्षण गर्न पाउने छ । तर उक्त १०० वटा सीमा संख्या मध्ये पव्लिक लिमिटेड कम्पनीको सीमा संख्या १० वटाभन्दा बढि हुनु हुंदैन । साझेदारी फर्मका प्रत्येक साझेदारले उपरोक्त सीमासम्म लेखापरीक्षण गर्न पाउनेछ ।

तर, रू. २० (वीस) लाख भन्दा कम कारोबार हुने प्रा.लि., एकलफर्म, साझेदारी फर्म, सहकारी संस्था सरकारी प्राथमिक विद्यालयहरू, धार्मिक संघ संस्था, सामाजिक संघ संस्था, उपभोक्त समूह, विभिन्न किसिमका समितिहरू, ट्रेड युनियन तथा पेशागत संघ संगठनहरू तथा अन्य यस्तै प्रकृतिका संघ संस्थाहरूको लेखापरीक्षण माथि उल्लेखित फाईल संख्याको सीमा गणना गर्ने प्रयोजनको निमित्त सामेल गरिने छैन ।

त) न्यूनतम लेखापरीक्षण शुल्क तथा फाइल संख्या निर्धारण प्रयोजनको लागि कारोबार रकम भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५३ मा उल्लेख भए बमोजिम हुनेछ ।

नोटः न्यूनतम लेखापरीक्षण शुल्क मूल्य अभिबृद्धि कर(VAT) बाहेक भएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

## एक व्यक्ति एक पेशा क्रमिक रुपमा लागु गर्ने बारे सचूना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम मिति २०६७ पौष २० गते देखि पूर्णकालीन सेवामा रहेका चार्टर्ड एकाउन्टेन्ट सदस्यहरूलाई पेशागत प्रमाणपत्र रोक लगाउने कार्य भइसकेको र २०७० श्रावण १ गते देखि पूर्णकालीन सेवामा रहेका दर्तावाला लेखापरीक्षक सदस्यहरूलाई चरणबद्ध रूपमा पेशागत प्रमाणपत्र रोक लगाउने व्यवस्था भए बमोजिम हालै परिषदले गरेको थप निर्णयानुसार २०७२ श्रावण ०१ गतेदेखि सेवारत दर्तावाला लेखापरीक्षक सदस्यले निम्नानुसार संस्थाहरूको लेखापरीक्षण गर्न नपाउने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) सबै पव्लिक कम्पनीहरू तथा १ करोड भन्दा बढीका प्राईभेट कम्पनीहरू
ख) रू. २ करोड भन्दा बढी रकमका प्राईभेट कम्पनीको रूपमा स्थापित शैक्षिक संस्थाहरू
ग) ग्रामिण क्षेत्र बाहेकका कर लाग्ने ३ करोड भन्दा बढी रकमका बचत तथा ऋण सहकारी संस्थाहरू र
घ) २ करोड भन्दा बढी रकमको निजी तथा साझेदारी फर्महरू, उद्योगहरू

उपरोक्त बाहेकका सबै निकायहरूको लेखापरीक्षण गर्न पाउने ।

**२०७४ श्रावण १ गतेबाट एक व्यक्ति एक पेशा पूर्णरूपमा लागु हुनेछ ।**

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९ (काठमाडौं), फोनः ०१-५५३०८३२, ५५३०७३०
फ्याक्सः ००९७७-१-५५५०७७४, इमेलः ican@ntc.net.np, वेवसाइटः www.ican.org.np
शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज